गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

☎: ०६१-५३५०९५
🖷: ०६१-५३५०८४

पत्र संख्या : २०८१।०८२
चलानी नं. : ७२९

मिति २०८१/०९/१७

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

विषय : परिपत्र ।

श्री निजि अस्पतालहरू (सबै),

गण्डकी प्रदेश।

प्रस्तुत विषयमा निजि अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई नेपाल सरकारले तोकेको भन्दा कम नहुने गरी तलब भत्ता तथा पारिश्रमिक लगायतका सुबिधाको व्यवस्था गर्ने सम्बन्धमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०८१/०८/२७ मा परिपत्र (यसैसाथ संलग्न) जारी भएको व्यहोरा बिदितै छ। तहाँ अस्पतालबाट उक्त निर्णय कार्यान्वयन गर्नुहुनका साथै सो को अनुगमन यस मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट हुने व्यहोरा निर्देशानुसार अनुरोध छ।

(डा. रमेश कुमार के.सी.)
प्रमुख
चिकित्सा सेवा महाशाखा

बोधार्थः

श्री यस मन्त्रालय मातहतका सबै निकायहरू (३९ वटै)।

श्री एशोसियशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल।

श्री एशोसियशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल, कास्की।

निर्णय कार्यान्वयनमा आवश्यक समन्वय, सहजीकरणका लागि अनुरोध छ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## (गुणस्तर मापन तथा नियमन महाशाखा)
☎: ०१-४२५४७५९
website : www.mohp.gov.np
रामशाहपथ, काठमाडौं ।

प.सं. २०८१/०८२ गु.मा.नि.म.
चलानी नं. ३८२

मितिः २०८१।०८।२७

विषयः नर्सिङ एवम् अन्य स्वास्थ्यकर्मीहरुको पारिश्रमिक लगायतका सुविधाको व्यवस्था गर्ने सम्बन्धमा ।

श्री प्रतिष्ठान/सरकारी अस्पताल सवै,
श्री मेडिकल कलेज सवै,
श्री सामुदायिक/निजी अस्पताल सवै,

प्रस्तुत विषयमा मेडिकल कलेज / स्वास्थ्य संस्थाहरुबाट नर्सिङ एवम् अन्य स्वास्थ्यकर्मीहरुको पारिश्रमिक लगायतका सुविधामा अन्याय भएको भनि गुनासो आएको सो सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०८१।०८।२७ को निर्णयानुसार अनुरोध छ ।

<u>तपशील</u>

१.स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै नर्सिङ एवम् अन्य स्वास्थ्यकर्मीहरुको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागु गर्नुपर्ने ।
२.तोकिएको समय भन्दाबढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्नु पर्ने ।
३.स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति/सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाईने, सक्कल शैक्षिक लब्धांक पत्रहरु कार्यालयले राख्न नपाईने ।
४.अनुभवको पत्र प्रदान गर्नुपर्ने ।
५.नर्सिङ लगायतका अन्य स्वास्थ्यकर्मीहरुको पारिश्रमिक बैकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनु पर्ने।

राज कुमार पाण्डे
मेडिकल ल्याव टेक्नोलोजिष्ट